आज मिति २०८२ साल चैत २६ गते शुक्रबार बिहान ११ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको १११ औ र आर्थिक वर्ष २०८२।०८३ को ११ औ बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क्र.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | जमुना। |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

आ.व २०८२।०८३ को एघारौं एवं समग्रमा १११ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।१२।२६ का निर्णयहरु

निर्णय नं १.

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बरेङ गाउँपालिकाको कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको गहन छलफल गर्दा अधिकांश निर्णहरु कार्यान्वयन भएको देखियो र अगामी दिनमा थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै जाने।

निर्णय नं २.

गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि गाउँपालिका र आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश पोखराबिच लागत साझेदारी गर्ने सम्झौता भई प्रतिक्षा- के.एन.एस. जेभीसँग ठेक्का सम्झौता समेत भएकोमा निर्माण व्यवसायीबाट सम्झौता बमोजिम कार्य सुरु गरी प्रथम रनिङ बिल पेस हुन आएकोमा तहाँ मन्त्रलाय सँग भएको सम्झैता अनुसार कन्टिन्जेन्सी सहित प्रथम रनिङ बिल रु १,४३,११,२४९ (अक्षरुपि एक करोड त्रिचालिस लाख एघार हजार दुई सय उनान्पचास) को पचास प्रतिशत रकम रु ७१,५५,६२४।५५ (अक्षरुपि एकहत्तर लाख पचपन्न हजार छ सय चौबिस दशमलव पचपन्न) निकासा माग गर्ने।

निर्णय नं. ३

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७८ मा भएको व्यवस्था अनुसार आर्थिक वर्षको २०८२/८३ दोस्रो चौमासिक अविधिमा गाउँपालिकाबाट सम्पादित कार्यहरुको सम्बन्धमा नागरिकलाई जानकारी गराउने उद्देश्यले मिति २०८३।१।०७ गते बरेङ गाउँपालिका हुग्दिशिरमा सार्वजनिक सुनुवाई गर्ने।

निर्णय नं. ४

स्थानीय शासन कार्यसम्पादन मूल्याङकन (व्यवस्थापन तथा संचालन) कार्यविधि,२०८२ अनुसार जिल्ला समन्वय समितिद्वारा पृष्ठपोषणबाट प्राप्त स्वःमूल्याङ्कन नतिजाको (७०.२) अध्ययन तथा विश्लेषण गरी गुणस्तर परीक्षणको लागि मन्त्रालयमा पठाउने।

निर्णय नं. ५

गरिवसँग विशेश्वर कार्यक्रम कार्यान्वयन रहेको बरेङ गाउँपालिका वडा नं. ४(सल्यान)मा कार्यरत सामाजिक परिचालक श्री टुकादेवी खनाल क्षेत्रीले राजिनामा दिई जानु भएकाले रिक्त पदको पदपूर्ति गर्न तपसिल बमोजिमको समिति गठन गर्ने।

| क्र.म | नाम, थर | पद | |
|---|---|---|---|
| १. | बद्री नाथ पोखरेल | संयोजक | |
| २. | केशवराज क्षेत्री | सदस्य | |
| ३. | कृष्ण प्रसास रिजाल | सदस्य | |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को एघारौं एवं समग्रमा १११ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।१२।२६ का निर्णयहरु

निर्णय नं ६.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सम्झौता हुन बाँकी रहेका योजनाहरु मिति २०८३ बैशाख १५ गते मित्र सम्झौता गरिसक्ने तत् पश्चात अत्यन्त महत्त्वपूर्ण र कार्यान्वियन नगरी नहुने बाहेकका योजनाहरु सम्झैता नगर्ने र सम्झौता भईसकेका योजनाको नियमित अनुगमन गरी यथाशिघ्र सम्पन्न गर्ने साथै प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएका देहाय बमोजिमका योजनाहरुको फरफारक गर्ने।

| सम्झौता नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन गर्ने निकाय | सम्झौता मिति | सम्झौता रकम | गाउँपालिकाबाट स्वीकृत रकम |
|---|---|---|---|---|---|
| ६ | काउलेचौर खेल मैदान, पर्खाल निर्माण | वडा_नं._१_धुल्लुबाँस्कोट | २०८२-०८-२६ | ५३५१०३ | ५००००० |
| २ | मनकामना युवा क्लव सिग्दि खेलमैदान स्तरउन्नती तथा ट्रष्ट निर्माण | वडा_नं._२_हुग्दिशिर | २०८२-०८-०२ | ३२१२८८ | ३००००० |
| ९ | थप्लुङ सिंचाई योजना | वडा_नं.४_सल्यान | २०८२-०८-२९ | ५६१२८४ | ५००००० |
| १० | ढाव सिंचाइ योजना (तुरारे) | वडा_नं.४_सल्यान | २०८२-०८-२९ | ३४१८२४ | ३००००० |
| १ | सुखौरा खानेपानी व्यवस्थापन | वडा_नं._५_सुखौरा | २०८२-०७-३० | ४७९४२९ | ४५०००० |
| ३ | धुल्लुलिउँवा मा.वि. व्यवस्थापन | वडा_नं._१_धुल्लुबाँस्कोट | २०८२-०८-०८ | २२४०८३ | २००००० |
| २५ | छत्र मन्दिर तारबार तथा गेट मर्मत | वडा_नं._३_बाटाकाचौर | २०८२-१०-०७ | ३१८९५६ | ३००००० |
| ३२ | बुरुङ्दी कल्भर्ट निर्माण | वडा_नं._३_बाटाकाचौर | २०८२-१०-२१ | ११११९७ | १००००० |
| २१ | बास्कोट मोटरबाटो स्तरोन्नती | वडा_नं._३_बाटाकाचौर | २०८२-०९-२८ | १५८३२७ | १५०००० |
| २३ | धनमुडा चौर मोटरबाटो स्तरोन्नती | वडा_नं._३_बाटाकाचौर | २०८२-१०-०६ | ५२८०८७ | ५००००० |
| ४ | लिग्दी रहखोला मोटरबाटो स्तरोन्नती | वडा_नं._३_बाटाकाचौर | २०८२-०८-११ | ३१९०७३ | ३००००० |
| १३ | डाँडाथोक सामुदायिक भवन | वडा_नं._२_हुग्दिशिर | २०८२-०९-०७ | ४२४९६२ | ४००००० |
| ३१ | चिफ्लेटी मौवाबोट मोटरबाटो स्तरोन्नती | वडा_नं._३_बाटाकाचौर | २०८२-१०-१४ | ४२३३१९ | ४००००० |
| २७ | मोटरबाटो सरसफाई बरेङ-२ | वडा_नं._२_हुग्दिशिर | २०८२-१०-०९ | ६३४३६९ | ६००००० |
| १९ | सामुदायिक भवन मर्मत तथा खेलमैदान बरेङ गाउँ | वडा_नं._१_धुल्लुबाँस्कोट | २०८२-०९-२१ | ५४३६५५ | ५००००० |

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं. ४ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माणको लागि आवश्यक पर्ने निःशुल्क जग्गा प्रासिको कार्य आगडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को एघारौं एवं समग्रमा १११ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।१२।२६ का निर्णयहरु

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१ बमोजिम कार्यक्रम सञ्चालन तथा व्यवस्थापनको लागि स्थानीय तहबाट सहकार्य तथा लागत साझेदारी गर्न गाउँपालिका प्रतिवद्ध रहेको निर्णय सर्वसम्मत परित गरियो।

निर्णय नं. ९

बरेङ गाउँपालिका अन्तर्गतको स्थानीय कृषि सेवा, भेटेरीनरी सहायक चौथो तहको ना.प.स्वा.प्रा.पदमा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई वा अन्य प्रक्रियाबाट स्थायी पदपुर्ति नहुन्जेलसम्मका लागि करार सेवाबाट पदपुर्ति गर्ने।

विविध निर्णयहरु:

क) मृगौला र क्यान्सर रोगका विरामीहरुलाई उपलब्ध गराईंदै आएको मासिक रु ५००० रकम भुक्तानीको लागि बिनियोजित शिर्षकमा रकम अपुग भई संघीय सरकार समक्ष माग गरी सोधभर्ना गर्ने गरी बजेट खर्च हुन नसक्ने वा आवश्यक बजेट रहेको बजेट शिर्षकबाट खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने।

ख) महिला स्वयंसेविकाहरुको क्षमता विकासका लागि प्रदेश जनस्वास्थ्य कार्यालय सँग समन्वय गरी १० दिन आवसीय आधारभूत तालिक संचालन गर्ने।

ग) आर्थिक विकास समितिको कृषक छनोट सम्बन्धी मिति २०८२/१२/०८ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

घ) सुदुरपश्चिम र लुम्बिनी प्रदेश अन्तर्गत रहेका विभिन्न स्थानीय तहमा भएका असल अभ्यासहरूको अध्ययनका लागि मिति २०८२/१२/१८ गते २०८२/१२/२३ सम्म भएको कर्मचरी तथा जनप्रतिनधि अध्ययन अवलोकन भ्रमणको खर्च ५,९५,२३१(अक्षरुपि पाँच लाख पञ्चानब्बे दुई सय एकतिस मात्र) अनुमोदन गरी भ्रमण प्रतिवेदन स्वीकृत गरियो।

ङ) बरेङ गाउँपालिकाको वडा नं. ५ सुखौरा स्थित नेपाल टेलिकमको व्याकअप राख्ने भवन मिति २०८२/११/०८ गतेको कार्यदेश अनुसार मर्मत संभार सम्पन्न भइसकेकाले उक्त मर्मत कार्य निर्मित सार्वजनिक सम्पत्तीको मर्मत संभार शीर्षकबाट भुक्तानी दिने।

च) मिति २०८२/१२/०८ आर्थिक विकास समितिले एकिकृत बाली संरक्षण कार्यक्रमका लागि बरेङ गाउँपलिकामा वडा नं. २ मा रहेको एक मात्र कृषि प्राविधिक धारको विद्यालय श्री पुरुषोदय माध्यामिक विद्यालयलाई छनोट गरेको निर्णयलाई अनुमोदन गरियो।

छ) प्रमुख प्रशासकीत अधिकृतवाट पेस भएको दोस्रो चौमासिक प्रगति विवरण अनुमोदन गर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष